# छैटौं अध्याय

## उपसंहार

# छैटौं अध्याय

## उपसंहार

### ६. १. मुल्याङ्कन

यहाँ प्रस्तुत शोधकार्यको समयावधि ( सन् १९३६-१९९४ ) अन्तर्गत प्रकाशित भएका दार्जीलिङका पाँचवटा प्रमुख नेपाली उपन्यासहरूलाई वादगत ( स्वच्छन्दतावाद, यथार्थवाद, अतियथार्थवाद ) तथा आत्मगत एवं प्रस्तुतिगत ( नामकरण, संरचना, कथानक, कथनपद्धति , पात्र एवं चरित्र-चित्रण , देश - काल - वातावरण , भाषा-शैली र भाव-विचार-उद्देश्य ) आधारमा विश्लेषणात्मक चर्चा गरेर हेर्दा पाइएका विशेषता र गुणस्तरलाई मापदण्ड बनाएर यी कृतिहरूको निम्नलिखित ढङ्गले मुल्याङ्कन गरिन्छ :

(१) भ्रमर ( सन् १९३६ )

भ्रमर सामाजिक उपन्यास हो र यसमा ब्रिटिशकालीन भारतवर्ष र बर्माका नेपालीहरूको सामाजिक, आर्थिक, सांस्कृतिक, धार्मिक, शैक्षिक स्थिति-परिस्थिति तथा मान्यता, आदर्श र मुल्यको चित्रण छ । नेपाली उपन्यास साहित्यको परम्परामा सर्वप्रथम् यसै कृतिमा स्वच्छन्दतावादका अधिकांश विशेषता सफलतापूर्वक प्रतिपादन गरिएको छ । भ्रमरको नामकरण लाक्षणिक एवं व्यञ्जनात्मक छ र संरचनाका दृष्टिले यो उपन्यास परम्परा-अनुमोदित छ तथा यसको कथानक चाहिँ पारम्परिक र आधुनिक दुवै दृष्टिले सुसङ्गठित , परिपुष्ट र सन्तुलित रहेको देखिन्छ । यो कृति सर्वज्ञ दृष्टिविन्दु एवं सम्पादकीय सर्वज्ञ दृष्टिविन्दु कथन-पद्धतिद्वारा तृतीय पुरुषमा लेखिएको

छ र यस उपन्यासको कथावाचक अदृश्य रहेको छ । प्रस्तुत कृति मूलतः युवा-प्रेम र समाज-सुधार जस्तो सामान्य र पारम्परिक विषयवस्तुमा आधारित छ तापनि कथ्य र कला चाहिँ परम्परा विरोधी रहेको छ तथा यसमा सूक्ष्मावलोकन र विहङ्गमावलोकन प्रविधिको प्रयोग पाइन्छ । भ्रमर देश-काल-वातावरणका दृष्टिले याथार्थिक , चरित्र-चित्रणका दृष्टिले मूलतः वैयक्तिकतावादी र तटस्थहीन एवं चरित्र-परिवर्तनलाई प्रधानता दिइएको उपन्यास हो । यस कृतिको महत्व खासगरी विषयवस्तु वा भावभन्दा भाषा-शैलीगत वैशिष्ट्यमा र नेपाली उपन्यास साहित्यलाई पूर्णाङ्गरूपमा आधुनिकताको मर्यादा दिलाउनमा रहेको छ । भ्रमरको भाषा आलङ्कारिक एवं काव्यात्मक छ र यो सरल समास-शैलीमा लेखिएको छ । यो कृति नेपाली समाजले युगानुकूल नवीन शिक्षा, संस्कार र आदर्शलाई ग्रहण गर्नु उचित छ भन्ने भाव वा विचार भएको उपन्यास हो तथा यसमा सामाजिक र सांस्कृतिक जागरणद्वारा स्वजाति र मानवताको उत्थान गर्ने उद्देश्य रहेको छ ।

मूलतः यस कृतिको विषयवस्तु विन्यस्त, संरचना सुसङ्गठित र परिपुष्ट , भाषा-शैली स्वच्छन्दतावादी उपन्यासलाई सुहाउँदो परिष्कृत , परिमार्जित, आलङ्कारिक, काव्यात्मक एवं प्रभावपूर्ण र भाव सङ्गतिपूर्ण छ तथा गुणस्तरका दृष्टिले भ्रमर उच्च स्तरको उपन्यास रहेको छ ।

(२) मुलुक बाहिर ( सन् १९४८ )

मुलुक बाहिर सामाजिक यथार्थवादी उपन्यास हो र यस कृतिको नामकरण मूलभाव वा मुख्य समस्यामा आधारित छ तथा यसमा पारम्परिक औपन्यासिक संरचनालाई पूर्णतः स्वीकार गरिएको छैन । प्रस्तुत कृतिको प्रारम्भ र अन्त निश्चित स्थान एवं कालमा भएको छ र यो पारम्परिक कथा-योजनाको सट्टा आधुनिक कथा-योजना भएको कार्यव्यापार प्रधान उपन्यास हो । यो कृति मूलतः सर्वज्ञ दृष्टिविन्दु एवं गौणतः सम्पादकीय सर्वज्ञ दृष्टिविन्दु कथन पद्धतिद्वारा तृतीय पुरुषमा लेखिएको छ र यसमा विहङ्गमावलोकन एवं पूर्वावलोकन प्रविधिहरूको प्रयोग पाइन्छ । मुलुक बाहिर

वर्गीय चरित्र-प्रधान बहुपात्रीय उपन्यास हो र यो देश-काल-वातावरणका दृष्टिले यथार्थिक, सम्भाव्य एवं विश्वसनीय छ । यस उपन्यासको भाषा सरल एवं सहज छ र यो वर्णनात्मक एवं विवरणात्मक शैलीमा लेखिएको छ तथा यस कृतिमा लौकिक गद्य-शैली निर्माण भएको देखिन्छ । मुलुक बाहिर मूलत: आर्थिक पृष्ठभूमिमा उभिएको छ र यसमा अर्थ नै समाजको मेरूदण्ड हो अनि अर्थमूलक विषमताले सामाजिक पर्यावरणलाई समेत दूषित तुल्याउँछ भन्ने भाव तथा मनुष्यको कर्म, प्रवृत्ति र व्यवहारले नै समाजमा उसको स्थान निर्धारिण हुन्छ भन्ने विचार प्रस्तुत गरिएको पाइन्छ ।

मूलत: यस कृतिको विषयवस्तु विन्यस्त, संरचना सुसङ्गठित र परिपुष्ट, भाषा-शैली यथार्थवादी कृति हुँदा सरल-सहज, अनलङ्कृत एवं प्रवाहपूर्ण र भाव सङ्गतिपूर्ण छ तथा गुणस्तरका दृष्टिले मुलुक बाहिर उच्च स्तरको उपन्यास कृति रहेको छ ।

(३) माइतघर (सन् १९४९ )

माइतघर सामाजिक यथार्थवादी कृति हो र यसमा चित्रकला देत्रको प्रभाववादको पनि योग रहेको छ । यस कृतिको नामकरण मुख्य समस्यामा आधारित हुँदाहुँदै पनि लाक्षणिक छ र संरचना एवं कथायोजनाका दृष्टिले यस कृतिले परम्परालाई नै पछ्याएको छ तथा यो सुसङ्गठित वा परिपुष्ट कथानक भएको उपन्यास हो । प्रस्तुत कृति सर्वज्ञ दृष्टिविन्दु कथन-पद्धतिद्वारा मूलत: सूक्ष्मावलोकन प्रविधि ग्रहण गरी तृतीय पुरूषमा लेखिएको छ र यसको कथावाचक अदृश्य छ तथा यसमा पूर्वावलोकन र पूर्वाभास प्रविधिहरूको पनि प्रयोग भएको छ । माइतघर अल्प पात्र एवं व्यक्ति चरित्र-प्रधान उपन्यास हो र यसका पात्रहरू अन्तर्मुखी व्यक्तित्व भएका छन् । यो देश-काल दृष्टिले गौण र वातावरण ( बाह्य एवं आन्तरिक)-प्रधान कृति हो र यसको भाषा सरल र सहज तथा शैली भावपरक एवं वर्णनात्मक र चित्रात्मक छ। सामाजिक जीवनमा मनुष्यलाई प्रत्यक्ष वा परोक्षरूपले दु:ख - कष्ट एवं पीडा पुऱ्याउने कट्टर

धार्मिक नियम, जटिल नीति वा अव्यवहारिक शृङ्खला व्यर्थका बन्धन हुन् ; अतः सामाजिक नीति-नियम र व्यवस्थाको युगानुकूल एवं स्थितिअनुकूल परिवर्तन अनिवार्य छ भन्ने विचार वा भाव यस उपन्यासमा रहेको पाइन्छ ।

मूलतः यस कृतिको विषयवस्तु विन्यस्त, संरचना सुसङ्गठित , भाषा-शैली सरल-सहज, भावमय, चित्रात्मक एवं प्रवाहपूर्ण र भाव सङ्गतिपूर्ण छ तथा गुणस्तरका दृष्टिले माइतघर मध्यम स्तरको उपन्यास रहेको छ ।

(४) लङ्गडाको साथी ( सन् १९५१ )

लङ्गडाको साथी खासगरी सामाजिक यथार्थवादी उपन्यास हो र यसमा आंशिकरूपमा अतियथार्थवादको पनि प्रयोग भएको छ । यस कृतिको नामकरण सामान्यतः मूलभावका आधारमा र विशेषरूपमा प्रतीकात्मक व्यञ्जनाको आधारमा गरिएको छ । यो विशिष्ट संरचनाविहिन क्षीण कथानक भएको र संरचना एवं शिल्पमा परम्पराको उपेक्षा गरिएको लघु उपन्यास हो । प्रस्तुत कृतिमा कार्यव्यापार प्रधान कथानक भएको उपन्यासमा पाइने त्रासद र कारुणिक तत्त्व रहे तापनि यो चरित्र प्रधान कृति हो । लङ्गडाको साथी मूलतः सर्वज्ञ दृष्टिविन्दु कथन-पद्धतिद्वारा तृतीय पुरुषमा लेखिएको छ र यसमा संस्मरणात्मक एवं चित्रात्मक विधि तथा अचेतन मन र स्वप्न आवेगको अभिव्यक्तिका निम्ति चेतना-प्रवाह पद्धतिको पनि आंशिक प्रयोग भएको छ । यो अति अल्प पात्र भएको व्यक्ति चरित्र प्रधान उपन्यास हो र यस कृतिको नायक अतिमानवता एवं असाधारण सङ्घर्षशीलताको प्रतीक भएको छ तथा उ अन्तर्मुखी व्यक्तित्व भएको गतिहीन चेप्टो पात्र हो । प्रस्तुत कृति देश-काल-वातावरणका दृष्टिले यथार्थिक र विश्वसनीय छ तथा भाषा सरल, सहज एवं शैली वर्णनात्मक र चित्रविधानात्मक छ । लङ्गडाको साथीमा सामाजिक र आर्थिक विषमता विरोधी भाव एवं मानवतावादी विचार र मानवीय मूल्यको सम्मान गर्ने आग्रह व्यञ्जित भएको छ तथा यस उपन्यासमा लैनसिंह बाङ्देलले समाजवादी समाजको अवधारणालाई मान्यता दिएका छन् ।

मूलत: यस कृतिको विषयवस्तु विन्यस्त छ र यसको संरचनात्मक दक्षिणता चाहिँ औपन्यासिक कमजोरी नभएर नवीन उपन्यासकारितातिर उन्मुख भएको कलात्मक प्रयोग रहेको देखिन्छ । यस उपन्यासको भाषा-शैली सरल, सहज, परिष्कृत एवं प्रवाहपूर्ण र भाव सङ्गतिपूर्ण छ तथा गुणस्तरका दृष्टिले लङ्गडाको साथी उच्च स्तरको उपन्यास रहेको छ ।

(५) आज रमिता छ ( सन् १९६४ )

आज रमिता छ सामाजिक यथार्थवादी उपन्यास हो र यसमा जीवनका सूक्ष्म र निष्ठुर यथार्थलाई बढी निकटबाट हेरिएको छ तथा समाज-आर्थिकोत्थान एवं समाज-राजनीतिक जीवनलाई विषयवस्तु बनाइएको छ । प्रस्तुत कृतिको नामकरण प्रतीकात्मक व्यञ्जनाको आधारमा गरिएको छ र यो दक्षिण एवं विशृङ्खल कथानक भएको उपन्यास हो । निश्चित देश-कालबाट प्रारम्भ भएको यस कृतिमा पारम्परिक संरचना पद्धति अस्वीकार गरिएको छ तापनि उपन्यासको समाप्ति चाहिँ प्रविधिगत दृष्टिले नितान्त नवीन छ । यस उपन्यासको कथानक विचार-प्रधान छ र यसमा कथानक योजनाको आधुनिक परिपाटी अँगालिएको पाइन्छ । आज रमिता छ सर्वश दृष्टिविन्दु एवं वस्तुपरक सर्वश दृष्टिविन्दु कथन-पद्धतिद्वारा तृतीय पुरुषमा लेखिएको छ र यसमा सूक्ष्मावलोकन, विहङ्गावलोकन, स्मृत्यालोक, पूर्वाभास आदि प्रविधिहरूको प्रयोग भएको छ तथा यस उपन्यासमा कथावाचक अदृश्य रहेको छ । प्रस्तुत उपन्यास बहुपात्रीय वर्गप्रधान रचना हो र यो चरित्र-चित्रणका दृष्टिले उल्लेखनीय छ । आज रमिता छ दार्जीलिङको नगराञ्चलीय उपन्यास हो र देश-काल-वातावरणका दृष्टिले यो याथार्थिक छ अनि यसमा स्थानीयताको बढी प्रभाव परेको सरल र सहज भाषाको प्रयोग गरिएको पाइन्छ तथा यो वर्णनात्मक समास-शैलीमा लेखिएको छ । इन्द्रबहादुर राईले यस कृतिमा प्रचलित समाज-अर्थ व्यवस्थामा मानवको नवीन जीवन-मूल्य अनुसन्धान गर्ने र त्यसप्रति चिन्तन र बोध गर्ने आग्रह गरेका छन् तथा दार्जीलिङ पहाडी अञ्चलका रैथाने नेपालीहरूको जातीय अस्मिताको सुरक्षा, समाज-राजनीतिक

जीवनको सुदृढिकरण आवश्यक रहेको र यसका निम्ति सङ्‌घर्षरूपमा अनवरत एवं रचनात्मक सङ्‌घर्ष गर्नु अनिवार्य छ भन्ने विचार र भाव प्रतिपादन गरेका छन् ।

मूलत: यस कृतिको विषयवस्तु अविन्यस्त, संरचना [illegible] र विशृङ्खल छ तापनि यो अविन्यस्तता र संरचनागत विशृङ्खलता यस कृतिको कमजोरी नभएर अत्याधुनिक उपन्यासहरूमा पाइने उपन्यासकारिताको अपूर्व र सचेत प्रयोग हो । यस उपन्यासको भाषा-शैली सरल र सहज, आञ्चलिक वैशिष्ट्यमय, प्रवाहपूर्ण एवं भाव अभिव्यक्तिपूर्ण छ तथा गुणस्तरका दृष्टिले यो उच्चतर स्तरको उपन्यास रहेको छ ।

यी विश्लेषित पाँचवटा औपन्यासिक कृतिहरू निम्नलिखित गुणस्तरका रहेका देखिन्छन् :

| | कृति | कृतिकार | र० का० | प्र० मि० | गुणस्तर |
|---|---|---|---|---|---|
| १. | भ्रमर | रूपनारायण सिंह | सन् १९३२-३५ | सन् १९३६ | उच्च |
| २. | मुलुक बाहिर | लैनसिंह बाङ्‌देल | सन् १९४०-४६ | सन् १९४८ | उच्च |
| ३. | माइतघर | लैनसिंह बाङ्‌देल | सन् १९४८-५० | सन् १९४९ | मध्यम |
| ४. | लङ्‌गडाको साथी | लैनसिंह बाङ्‌देल | सन् १९५० तिर | सन् १९५१ | उच्च |
| ५. | आज रमिता छ | इन्द्रबहादुर राई | सन् १९५६-५८ | सन् १९६४ | उच्चतर |

यसरी प्रस्तुत शोधकार्यको समय सीमा (सन् १९३६-१९६४) अन्तर्गत लेखिएका वा प्रकाशित भएका दार्जीलिङ्‌का पाँचवटा प्रमुख औपन्यासिक कृतिहरूमध्ये एउटा उच्चतर, तीनवटा उच्च र एउटा मध्यम गुणस्तरका रहेका छन् ।

## ६. २. पूर्ववर्ती अध्यायहरूको सारांश

"दार्जीलिङ्‌का आधुनिक नेपाली उपन्यासका प्रवृत्तिहरूको विश्लेषण तथा

मूल्याङ्कन ( सन् १९३६ देखि १९६४ सम्म )" शीर्षकको प्रस्तुत शोध-प्रबन्धमा उपन्यासको सैद्धान्तिक स्वरूपको विवेचनाका साथै यस अवधि ( सन् १९३६-१९६४ )-मा प्रकाशित दार्जीलिङका नेपाली उपन्यासहरूको सर्वेक्षण र पाँचवटा प्रमुख उपन्यासहरूको विश्लेषणात्मक अध्ययन प्रस्तुत गरी यी पाँचवटा कृतिको मूल्याङ्कन पनि गरिएको छ । यहाँ पूर्ववर्ती पाँचवटा अध्यायहरूमा गरिएका चर्चा, विवेचना, सर्वेक्षण र विश्लेषण कार्यको सारांश प्रस्तुत गरी यस शोध कार्यको मुख्य प्राप्तिलाई पनि निष्कर्षकारूपमा दर्शाइएको छ ।

प्रस्तुत शोध-प्रबन्धको परिचिति अध्याय शोध कार्यको परिचयकारूपमा रहेको छ । यस अध्यायमा प्रस्तुत शोध-प्रबन्धको शीर्षकको परिचय दिएर यस शोध कार्यको समस्याकथन, उद्देश्य, शोध कार्यको सीमाङ्कन, पूर्वकार्यको विवरण, शोध कार्यको औचित्य, शोध कार्यको सैद्धान्तिक आधार, सामग्री सङ्कलन विधि, शोध-प्रबन्धको सङ्गठन र अध्याय विभाजन जस्ता सैद्धान्तिक कुराहरूको पारिचयात्मक व्याख्या गरिएको छ तथा यसै अध्यायमा प्रस्तुत शोध कार्यबाट प्राप्त निष्कर्षलाई बुँदागतरूपमा उल्लेख गरिएको छ अनि भावी शोधकर्ताका निम्ति एकाध सुझाउहरू पनि राखिएका छन् ।

यस शोध-प्रबन्धको पहिलो अध्याय पृष्ठभूमिकारूपमा रहेको छ र यसमा दार्जीलिङको ऐतिहासिक पृष्ठभूमिमा नेपाली भाषा-साहित्यको प्रचार वा प्रसार कार्य सम्बन्धी विवेचना गरिएको छ । यसै सिलसिलामा यस अध्यायमा ईसाई मिशनरीहरूले गरेका धर्म-प्रचार, शिक्षा-प्रचारका कार्यहरू र लोक साहित्य अन्तर्गत पर्ने 'दुवाङ तान्नेगीत' एवं 'सवाई र लहरी' साहित्यको विवेचनात्मक चर्चा गरिएको छ । यस पहिलो अध्यायमा दार्जीलिङ पहाडी अञ्चलमा नेपाली भाषा-साहित्यको उत्थान कार्यमा अग्रणी रहने गङ्गाप्रसाद प्रधान, ज्ञानदिलदास र दिलुसिंह राईको ऐतिहासिक अवदानको चर्चा गर्दै अन्य संस्था-समिति र प्रतिष्ठानहरूका महत्त्वपूर्ण कार्यहरूको पनि उल्लेख गरिएको छ । यसै अध्यायमा नेपाली उपन्यास साहित्यको

विकास प्रक्रियाको सर्वेक्षण गरी दार्जीलिङ० पहाडी अञ्चलमा अनुवाद कार्यबाट प्रशमान ( पारसमणि ) प्रधानले नेपाली उपन्यास विधाको बीजारोपण गरेको र प्रतिमानसिंह लामाले मौलिक उपन्यास लेख्न थालेको कुरो उल्लेख गर्दै यी दुवैको परिचय पनि प्रस्तुत गरिएको छ साथै प्रशमान ( पारसमणि ) प्रधानले अनुवाद गरेको हिरण्मयी चरित्र ( सन् १९१५ ) र राधारानी( सन् १९२० )-को तथा प्रतिमानसिंह लामाको महाकाल जासूस ( सन् १९१८ )-का सम्बन्धमा विवेचनात्मक चर्चा पनि गरिएको छ । यस अध्यायमा खासगरी प्रस्तुत शोध-प्रबन्धको समयावधि ( सन् १९३६-१९६४ ) अन्तर्गत लेखिएका वा प्रकाशित भएका भ्रमर ( सन् १९३६ ), समाजको यौटा भलकमा ( सन् १९३८ तिर ) , मुलुक बाहिर ( सन् १९४८ ), घरज्वाइँ ( अपूर्ण , र० का० सन् १९४८ तिर ), बिजुली ( अपूर्ण , सन् १९४९ ), माइतघर ( सन् १९४९ ), रुडुगडाको साथी ( सन् १९५१ ), लगन ( सन् १९५५ ), डाक बङ्गला ( सन् १९५७ ) मङ्गली ( सन् १९५८ ), चरण-धूलि ( सन् १९५९ ), मध्यरातको तारा ( सन् १९६४ ), वियोगी ( सन् १९६२ ), म विवश छु ( सन् १९६२ ), अमरसिंह डाकू ( सन् १९६२), दोभान ( सन् १९६४ ), आज रमिता छ ( सन् १९६४ ), अशेष यात्रा ( सन् १९६४), लाश ( सन् १९६४ ), सङ्गम ( सन् १९६४ ) गरी उपलब्ध बीसवटा उपन्यासहरूको संक्षिप्तरूपमा विवेचनात्मक चर्चा तथा यी कृतिका उपन्यासकारहरूको परिचय पनि प्रस्तुत गरिएको छ । यस अध्यायमा नेपाली साहित्यमा वीरसिक्का ( सन् १८८६ )-बाट औपचारिकरूपले नेपाली उपन्यास विधाको थालनी भएको छब्बीस वर्षपछि दार्जीलिङ० अञ्चलमा पारसमणि प्रधान र प्रतिमानसिंह लामाले उपन्यास अनुवादन र लेखन कार्यको थालनी गरेको कुरो चर्चा गर्दै भ्रमर ( सन् १९३६ ) नै यस अञ्चलको पहिलो पूर्णाङ्ग र आधुनिक नेपाली उपन्यास हो तथा यसै कृतिबाट नेपाली साहित्यमा आधुनिक उपन्यासको वास्तविक थालनी भएको भन्ने कुरो उल्लेख गरिएको छ । यसै अध्यायमा पूर्वोक्त मौलिक उपन्यास कृतिहरूमा मूलत: यसै अञ्चलको सामाजिक, आर्थिक, सांस्कृतिक, राजनैतिक, ऐतिहासिक स्थिति-परिस्थितिको यथार्थ चित्रण-वर्णन रहेको र यी उपन्यासहरूमा आञ्चलिकताको प्रवृत्ति पनि विकास भएको कुरो चर्चा गर्दै शिल्प-शैली र प्रयोगधर्मिताका दृष्टिले भ्रमर ( सन् १९३६ ), मुलुक बाहिर

( सन् १९४८ ), माइतघर ( सन् १९४९ ), लङ्गडाको साथी ( सन् १९५१ ) र आज रमिता छ ( सन् १९६४ ) आधुनिक नेपाली उपन्यास साहित्यका माइलखुट्टीहरू हुन् भन्ने कुरो उल्लेख गरिएको छ तथा प्रस्तुत अध्यायमा गरिएका चर्चा र विवेचनाबाट निस्केको निष्कर्षलाई बुँदाका रूपमा पुछारमा राखिएको छ ।

यस शोध-प्रबन्धको दोस्रो अध्यायमा उपन्यासको परिचिति एवं औपन्यासिक प्रवृत्तिहरूको सैद्धान्तिक चिन्हारी प्रस्तुत गरिएको छ र परिचितिका सिलसिलामा उपन्यासको शब्दार्थ, उत्पत्ति, विकास-परम्परा र स्वरूपमाथि प्रकाश पार्दै मानव जीवन एवं समाजसँग यस विधाको घनिष्ट सम्बन्ध रहेको कुराको विवेचनात्मक चर्चा गरिएको छ । यस अध्यायमा औपन्यासिक प्रवृत्तिहरूको चिन्हारी प्रस्तुत गरी प्रवृत्ति शब्दको अर्थ र परिचयमाथि प्रकाश पार्दै स्वच्छन्दतावाद ( रोमान्टिसिजम् ), यथार्थवाद ( रियलिजम ) र अतियथार्थवाद ( सुररियलिजम् ) जस्ता वादगत प्रवृत्तिहरूको विवेचना गरिएको छ तथा वादगत प्रवृत्तिका सिलसिलामा स्वच्छन्दतावाद शब्दको व्युत्पत्ति, स्वच्छन्दतावादको परिचय र साहित्यमा यस वादको प्रचलन-परम्पराको संक्षिप्त चर्चा गरेर प्रेमको प्रधानता, प्रकृति-प्रेम वा प्रकृति वर्णन, कल्पनाशीलता, भावप्रधानता, सौन्दर्य-चेतना, वैयक्तिकता र विद्रोह-चेतना जस्ता स्वच्छन्दतावादका मूलभूत विशेषताहरूको विवेचनात्मक चर्चा गरिएको छ । यसरी नै यथार्थवादको अर्थ र परिचय एवं सामाजिक यथार्थवाद, आलोचनात्मक यथार्थवाद र समाजवादी यथार्थवाद गरी यथार्थवादका तीन किसिमका स्वरूपहरू तथा तथ्यप्रति आस्था, वस्तुजगत् र भाव जगत्को समन्वय, विकासशील सृजन प्रक्रिया, मानवतावादी दृष्टिकोण, अखण्डित मानव व्यक्तित्वको उद्घाटन र कल्पना तत्वको ग्रहण जस्ता यथार्थवादका मूलभूत विशेषताहरूको विवेचना पनि यसै अध्यायमा प्रस्तुत गरिएको छ । यस अध्यायमा अतियथार्थवादको पृष्ठभूमि, परिचय, थालनी विकास र सैद्धान्तिक स्वरूपमाथि प्रकाश पारिएको छ तथा उपन्यासको आत्मगत एवं प्रस्तुतिगत प्रवृत्तिहरूको सैद्धान्तिक स्वरूप, संरचना, शिल्प र अवधारणाहरूको परिचय दिइएको छ र यसै सिलसिलामा प्रकृति, समाज, देश-काल-वातावरण जस्ता बाह्य पक्ष; भाव, विचार, उद्देश्य एवं मनोवैज्ञानिक तत्त्व जस्ता आन्तरिक पक्ष; नामकरण र भाषा-शैली

जस्ता वाह्य संरचना तथा कथानक, कथन-पद्धति र चरित्र-चित्रण जस्ता आन्तरिक संरचनाको विवेचनात्मक चर्चा गरिएको छ अनि कथन-पद्धतिको विवेचना गर्ने सिलसिलामा दृष्टिविन्दु ( पएन्ट अभ् भ्यू ), चेतना-प्रवाह ( स्ट्रीम अभ् कन्सस्नेस् ), स्मृत्यालोक ( फल्याशब्याक् ), काल-परिवर्तन ( टाइम-शिफ्ट ), विहङ्गावलोकन ( प्यानरामिक् ) सूक्ष्मावलोकन ( सीनिक् ) र पूर्वाभास ( फर्स्याडोइङ्ग) जस्ता प्रविधिहरू माथि पनि प्रकाश पारिएको छ । प्रस्तुत अध्यायमा गरिएका चर्चा र विवेचना बाट निस्केको निष्कर्षलाई बुँदाकारूपमा पुछारमा राखिएको छ ।

प्रस्तुत शोध प्रबन्धको तेस्रो अध्यायमा रूपनारायण सिंह रचित उपन्यास भ्रमर ( सन् १९३६ )- को विश्लेषणात्मक अध्ययन रहेको छ र यहाँ (क) सामाजिक प्रवृत्ति (ख) वादगत प्रवृत्ति र (ग) आत्मगत एवं प्रस्तुतिगत प्रवृत्तिका आधारमा यस उपन्यासको विवेचना गरिएको छ । सामाजिक प्रवृत्ति अन्तर्गत समाज सापेक्षिक दृष्टिकोणका आधारमा ; वादगत प्रवृत्ति अन्तर्गत साहित्यमा प्रचलित स्वच्छन्दतावादका मूलभूत विशेषताहरू (क) प्रेमको प्रधानता (ख) प्रकृति प्रेम वा प्रकृति वर्णन, (ग) सौन्दर्य-चेतना (घ) वैयक्तिकता (ङ) विद्रोह - चेतना का आधारमा तथा आत्मगत एवं प्रस्तुतिगत प्रवृत्ति अन्तर्गत (क) नामकरण, (ख) संरचना, (ग) कथानकको प्रकार र कथानक योजना (घ) कथन-पद्धति (ङ) पात्र एवं चरित्र- चित्रण (च) देश-काल-वातावरण र (छ) भाषा-शैलीका आधारमा भ्रमरको विवेचना गरिएको छ अनि यस कृतिको भाव, विचार वा उद्देश्य जस्ता आन्तरिक पक्ष एवं विश्लेषणाका क्रममा पाइएका अन्य प्रासङ्गिक सन्दर्भहरूको यथास्थान चर्चा वा उल्लेख गरिएको छ । प्रस्तुत अध्यायमा गरिएका चर्चा, विवेचना र विश्लेषणाबाट निस्केको निष्कर्षलाई बुँदाकारूपमा पुछारमा राखिएको छ ।

प्रस्तुत शोध-प्रबन्धको चौथो अध्यायमा यस शोध कार्यको समयावधि ( सन् १९३६-१९६४ ) अन्तर्गत रचिएका लैनसिंह बाङ्गदेलका मुलुक बाहिर ( सन् १९४८ ), माइतघर ( सन् १९४९ ) र लङ्गडाको साथी ( सन् १९५१ ) गरी तीनवटा

उपन्यास कृतिहरूको विश्लेषण गरिएको छ र यो विश्लेषण मूलत: (१) वादगत तथा (२) आत्मगत र प्रस्तुतिगत प्रवृत्तिहरूमा आधारित छ । वादगत प्रवृत्तिका सिलसिलामा यी तीनैवटा कृतिहरूलाई सामाजिक यथार्थवादका मूलभूत विशेषताहरूका आधारमा विवेचना गरिएको छ तापनि यहाँ मुलुक बाहिर ( सन् १९४८ ) उपन्यासमा पाइने (क) भौतिकवादी दृष्टिकोण(ख) मानवतावादी दृष्टिकोण (ग) आर्थिक पृष्ठभूमि (घ) तथ्यात्मकता र (ङ०) सौन्दर्य-चेतना तथा लङ्गडाको साथी ( सन् १९५१ ) उपन्यासमा पाइने ( क) मानवतावादी दृष्टिकोण (ख) सामाजिक र आर्थिक पृष्ठभूमिमा गरिएको समाज निरीक्षण (ग) तथ्यात्मकता (घ) सौन्दर्य-चेतना (ङ०) भौतिकवादी दृष्टिकोण (च) सङ्०घर्षशीलता माथि विशेष प्रकाश पारिएको छ । आत्मगत र प्रस्तुतिगत प्रवृत्तिका सन्दर्भमा चाहिँ यी तीनैवटा उपन्यास कृतिहरूलाई (क) नामकरण (ख) संरचना (ग) कथानकको प्रकार र कथानक योजना (घ) कथन-पद्धति (ङ०) पात्र एवं चरित्र-चित्रण (च) देश-काल-वातावरण र (छ) भाषा-शैलीका आधारमा विवेचना गरिएको छ । यसका अतिरिक्त यसै अध्यायमा लङ्गडाको साथीमा आंशिकरूपमा अतियथार्थवादी प्रवृत्ति प्रयोग गरिएको कुरो उल्लेख गरी यस कृतिलाई (क) बौद्धिक चिन्तनद्वारा अनियन्त्रितता (ख) सौन्दर्यबोध एवं नैतिक चिन्तनमुक्तता र (ग) स्वचालित स्वप्न आवेगको प्रभुत्व जस्ता अतियथार्थवादका मूल विशेषताहरूका आधारमा विवेचना गरिएको छ तथा स्वचालित स्वप्न आवेगको प्रभुत्व रहेको सन्दर्भमा चाहिँ (अ) अवचेतन मन (आ) स्वप्न अभिव्यक्ति (इ) विभ्रान्ति (ई) विशृङ्०खलता (उ) एकलपन, लयहीनता र घुमन्तेपना (ऊ) आकस्मिक रूपान्तर (ऋ) स्वतन्त्रता एवं उन्मुक्तता जस्ता बुँदाहरूमा पनि यस कृतिको विश्लेषण गरिएको छ । प्रस्तुत अध्यायमा गरिएका चर्चा विवेचना र विश्लेषणबाट निस्केको निष्कर्षलाई बुँदाकारूपमा प्रकाशमा राखिएको छ ।

प्रस्तुत शोध प्रबन्धको पाँचौं अध्यायमा इन्द्रबहादुर राई रचित उपन्यास आज रमिता छ ( सन् १९६४ )-को विश्लेषणात्मक अध्ययन रहेको छ र (१) सामाजिक यथार्थवादी प्रवृत्ति र (२) आत्मगत एवं प्रस्तुतिगत प्रवृत्तिहरूका आधारमा यस कृतिको

विवेचना गरिएको छ । सामाजिक यथार्थवादी प्रवृत्ति अन्तर्गत (क) यथार्थ जीवन लेखन (ख) याथार्थिकता एवं तथ्यात्मकता (ग) आर्थिक स्थिति-परिस्थिति (घ) हास्य एवं व्यङ्ग्य-विनोदी प्रसङ्ग (ङ) विगत एवं आगत दृष्टि (च) राजनैतिक प्रसङ्ग एवं राजनैतिक चिन्तनधारा र (छ) धार्मिक एवं सांस्कृतिक प्रसङ्ग जस्ता समाज सापेक्षिक दृष्टिकोणको तथा आत्मगत एवं प्रस्तुतिगत प्रवृत्ति अन्तर्गत (क) नामकरण (ख) संरचना (ग) कथानक प्रकार र कथानक योजना (घ) कथन पद्धति (ङ) पात्र एवं चरित्र-चित्रण (च) देश-काल-वातावरण र (छ) भाषा-शैलीलाई आधार बनाएर यस कृतिको विवेचना गरिएको छ अनि भाव, विचार र उद्देश्य जस्ता आन्तरिक पक्ष, प्रयोगधर्मिता एवं विश्लेषणका क्रममा पाइएका अन्य प्रासङ्गिक सन्दर्भहरूको पनि यथास्थान चर्चा वा उल्लेख गरिएको छ । यसै अध्यायमा भाषा-शैलीको विवेचनाका सिलसिलामा प्रस्तुत कृतिमा प्रयुक्त अरबी, फारसी र अङ्ग्रेजी बाट आएका आगन्तुक शब्द, लोक प्रचलित कथ्य शब्द , संवाद टुक्का , अनुप्रास, उपमा, सूक्ति, निपात शब्द र छाड़ भाषाको सोदाहरण चर्चा गरिएको छ अनि प्रस्तुत अध्यायमा गरिएका यावत चर्चा, विवेचना र विश्लेषणबाट निस्केका निष्कर्षलाई बुँदाकारूपमा प्रकारमा राखिएको छ ।

## ६. ३. निष्कर्ष एवं शोधकार्यको मुख्य प्राप्ति

"दार्जीलिङका आधुनिक नेपाली उपन्यासका प्रवृत्तिहरूको विश्लेषण तथा मूल्याङ्कन ( सन् १९३६ देखि सन् १९९४ सम्म )" शीर्षकको प्रस्तुत शोध-प्रबन्धको आधारभूत निष्कर्ष एवं मुख्य प्राप्तिलाई यहाँ बुँदाकारूपमा प्रस्तुत गरिन्छ :

(१) दार्जीलिङ पहाडी अञ्चलमा नेपाली 'साझा भाषा' ( लिङ्गुवा फ्राङ्का ) हो र यसै भाषाको माध्यमबाट यहा इसाई धर्म, जीसमनी मत र आर्य समाज आदिका मतादर्शको प्रचार-प्रसार कार्य भएको छ तथा यीनै पन्थ एवं धार्मिक सम्प्रदायहरूसँग सम्बन्धित रहेका नेपाली र अनेपाली

व्यक्तिहरूले गरेका शिक्षा प्रचार, व्याकरण-कोशादि निर्माण एवं अनुवाद कार्यले यस अञ्चलमा नेपाली भाषाको प्रसारमा उल्लेखनीय सहयोग पुगेको छ अनि लोक परम्परामा प्रचलित अलिखित र लिखित लोक-काव्य एवं धार्मिक गीत भजनादिबाट यस अञ्चलमा नेपाली साहित्यको थालनी हुन सकेको प्रमाणित हुन्छ । यसै सिलसिलामा परवर्तीकालमा अनेक सवाई-लहरीकार, गीतकार, अनुवादक, कोशकार, व्याकरणकार, पाठ्य--पुस्तक लेखक, सम्पादक-पत्रकार र भाषासेवीहरूको रचना एवं कार्य तथा विभिन्न सामाजिक, साहित्यिक र सांस्कृतिक संस्था-समिति प्रतिष्ठानहरूका गतिविधिहरूको महत्त्वपूर्ण योगदान रहेको स्पष्ट देखिन्छ ।

(२) पाश्चात्य साहित्यको परम्परामा चौधौं शताब्दीदेखि उपन्यासको प्रारूप सञ्चित हुँदै आएर सोह्रौं शताब्दीदेखि मात्र उपन्यासको रचना कार्य थालनी भएको र अठारौं शताब्दीमा आइपुगेर यस विधाले डेनियल डिफोको रबिन्सन् क्रुसो ( सन् १७१९ )- मा आधुनिक स्वरूप लिन सकेको प्रमाणित हुन्छ । नेपाली भाषामा चाहिँ अठारौं शताब्दीको उत्तरार्धमा शिवदत्तको बीरसिक्का ( सन् १८८९)- बाट उपन्यासको थालनी भएर लगभग अर्द्ध शताब्दी पश्चात् रूपनारायण सिंहको भ्रमर ( सन् १९३६ )- मा आइपुगेर मात्र यसको पूर्णाङ्गिण आधुनिक स्वरूप देखा पर्दछ ।

(ख) बीरसिक्का ( सन् १८८९ )- बाट औपचारिकरूपमा नेपाली उपन्यासको थालनी मानेर हेर्दा छब्बीस वर्षपछि दार्जीलिङमा प्रशमान प्रधान ( पारसमणि प्रधान )- ले हिरण्यमयी चरित्र

( सन् १९१५ ) र राधारानी ( अनु० का०, सन् १९१६ तिर )-को अनुवाद गरेर यस विधाको बीजारोपण गरेको प्रमाणित हुन्छ तथा पुस्तकाकारमा प्रकाशित भएर पनि हालसम्म अप्राप्य रहेको एवं यस अञ्चलको पहिलो मौलिक नेपाली उपन्यास भनी अनुमान गरिएको प्रतिमानसिंह लामा रचित महाकाल जासुस ( सन् १९१८ ) चाहिँ शोधकार्यका निम्ति चुनौती साबित भएको छ ।

(ग) प्रशमान प्रधान ( पारसमणि प्रधान )- का पूर्वोक्त अनूदित कृतिहरू ( हिरण्मयी चरित्र र राधारानी ) औपन्यासिक अवधारणाका प्रस्थान बिन्दु मात्र हुन् र रूपनारायण सिंहको भ्रमर ( सन् १९३६ ) नै दार्जीलिङको पहिलो पूर्णाङ्ग उपन्यास हो तथा यसै कृतिबाट नेपाली साहित्यमा आधुनिक उपन्यासको वास्तविक थालनी भएको देखिन्छ ।

(३) सन् १९३६-१९६४ बीचमा दार्जीलिङका चौध जना उपन्यासकारहरूका बाइसवटा मौलिक नेपाली उपन्यास रचनाहरू प्रकाशित भएको पाइयो ( यीमध्ये रूपनारायण सिंहको बिजुली एवं अच्छा राई रसिकको घरज्वाइँ अपूर्ण रहेका छन् ) तापनि वादगत नवीनता, कलात्मकता र प्रयोगधर्मिताका दृष्टिले रूपनारायण सिंहको भ्रमर ( सन् १९३६ ); लैनसिंह बाङ्देलका मुलुक बाहिर ( सन् १९४८ ), माइतघर ( सन् १९४९ )र लङ्गडाको साथी ( सन् १९५१ ) तथा इन्द्रबहादुर राईको आज रमिता छ ( सन् १९६४ ) प्रमुख कृति देखिन आए । यी पाँचवटा प्रमुख कृतिहरूले नेपाली उपन्यास साहित्यलाई नवीन आयाम र दिशा प्रदान गर्नका साथै यस विधामा दूरव्यापी प्रभाव

छाडेर परवर्ती उपन्यासकारहरूका निम्ति प्रेरणीय पनि बनेका देखिए तथा यी उपन्यासहरूलाई दार्जीलिङ्को सन्दर्भमा मात्र नभएर समुच्चा नेपाली आधुनिक उपन्यास साहित्यमा समेत विशिष्ट कृति मान्नु पर्ने देखिन्छ ।

(४) (क) सन् १९३६-६४ बीचका आलोच्य पाँचवटा प्रमुख उपन्यास कृतिहरूमा सामान्य मनोविज्ञान वा ऐतिहासिक चेतनाको प्रयोग भए तापनि यी कृतिहरू मनोवैज्ञानिक वा ऐतिहासिक नभएर समाज सापेक्ष विषयवस्तु भएका सामाजिक उपन्यास हुन् र विषयगत प्रस्तुतिका दृष्टिले चाहिँ भ्रमर मुलुक बाहिर माइतघर एवं लङ्गडाको साथी विन्यस्त अनि आज रमिता छ अविन्यस्त रहेका छन् तथा भावका दृष्टिले भने पाँचैवटा कृति सङ्गतिपूर्ण रहेको पाइन्छ ।

(ख) संरचनागत दृष्टिले हेर्दा यी पाँचवटा उपन्यास कृतिहरूमध्ये भ्रमर मुलुक बाहिर र माइतघर सुसङ्गठित कथानक भएका सुनियोजित र सन्तुलित अनि लङ्गडाको साथी र आज रमिता छ क्षीण कथानक भएका देखिए । आयामका दृष्टिले यीमध्ये सबैभन्दा विस्तृत उपन्यास कृति मुलुक बाहिर ( यसमा चार खण्ड र त्रिचालीस परिच्छेद रहेका छन् ) एवं सबैभन्दा सानो वा लघु कृतिकारूपमा लङ्गडाको साथी ( यसमा नौ परिच्छेद मात्र रहेका छन् ) फेला परे तथा भ्रमर ( यसमा पाँच खण्ड र बीस परिच्छेदहरू रहेका छन् )-का प्रत्येक परिच्छेदलाई शीर्षकमा बाँधिएको छ भने आज रमिता छ खण्ड वा परिच्छेदमा विभाजन नगरिएको सोलीडोली उपन्यास रहेको छ ।

(५) विश्लेषित पूर्वोक्त पाँचवटा उपन्यास कृतिहरू दार्जीलिङका प्रतिनिधि रचना हुन् र यिनीहरू प्रत्यक्ष एवं परोक्षरूपमा दार्जीलिङ पहाडी अञ्चलमा नै केन्द्रित रहेर यहाँको सामाजिक, सांस्कृतिक, आर्थिक, धार्मिक, ऐतिहासिक, भौगोलिक र प्राकृतिक विषयक पृष्ठभूमिमा उभिएका छन् तथा यिनीहरूमा मूलत: यस अञ्चलको नेपाली जाति र समाजको व्यष्टिगत र समष्टिगत एवं वाह्य र आन्तरिक जीवनको चित्रण-वर्णन गरिएको देखिन्छ । वस्तुत: दार्जीलिङको नेपाली उपन्यास साहित्यमा आञ्चलिकताको रहलाग्दो प्रवृत्ति विकास भएको देखिन्छ ।

(५) नेपाली उपन्यास परम्परामा आलोच्य पाँचवटा कृतिहरू खासगरी साहित्यमा प्रचलित नवीन वादगत प्रवृत्ति-प्रारम्भ एवं शिल्प शैलीमा प्रयोगधर्मिताका दृष्टिले उल्लेखनीय विशेषतासम्पन्न रहेका देखिन्छन् । यीमध्ये रूपनारायण सिंहको भ्रमरबाट स्वच्छन्दतावाद ( रोमान्टिसिजम् ) र लैनसिंह बाङ्‌देलको मुलुक बाहिरबाट यथार्थवाद ( रियलिजम् )- को ठोस परम्परा प्रारम्भ भएको पाइन्छ । लैनसिंह बाङ्‌देलको लङ्‌गडाको साथीमा आंशिकरूपमा अतियथार्थवाद ( सर्रियलिजम्) -को प्रयोग गरिएको र इन्द्रबहादुर राईको आज रमिता छ ले चाहिँ यथार्थवादको नवीन दृष्टि ( जीवनवादी यथार्थवाद) विकास गर्नुका साथै शिल्प-शैलीका क्षेत्रमा युगान्तकारी मोड ल्याएको स्पष्ट देखिन्छ । यसरी यी उपन्यासकार-त्रयी ( रूपनारायण सिंह, लैनसिंह बाङ्‌देल र इन्द्रबहादुर राई) -का पूर्वोक्त उपन्यास कृतिहरू आधुनिक नेपाली साहित्यका माइलखुट्टी भैं स्थापित भएका छन् र यी कृतिहरूले नेपाली

उपन्यास परम्परामा नौलो आयाम एवं दिशा प्रदान गरेको पाइन्छ ।

(७) आधुनिक नेपाली उपन्यासको मिरमिरे उज्यालो नेपाल भित्रबाट देखिएको भए तापनि यस विधामा पूर्ण बिहानी र फलमल्ल उज्यालो चाहिँ दार्जीलिङबाटै भएको देखियो र प्राय: तीन दशक ( सन् १९३६-१९६४ )- सम्म नेपाली उपन्यास साहित्यमा नवीन वादगत प्रवृत्ति-प्रयोग एवं शिल्प प्रविधिमा नवीनताका दृष्टिले समुच्चा नेपाली उपन्यास साहित्यलाई दार्जीलिङले नेतृत्व दिन सकेको कुरो स्पष्ट भयो तथा रूपनारायण सिंह, लैनसिंह बाङ्‌देल र इन्द्रबहादुर राई यस अवधिका प्रतिभाशाली र विशिष्ट उपन्यासकार - त्रयीका रूपमा रहेका पाइन्छन् । परवर्तीकालीन नेपाली उपन्यास साहित्यमा पनि यी उपन्यासकार - त्रयीका पूर्वोक्त औपन्यासिक कृतिहरू र उनीहरूको उपन्यासकारिताको दूरव्यापी एवं गहिरो प्रभाव परेको छ ।

---